म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ९५ | बिहीबार १ मंसिर २०७९ | ने. सं. ११४३ कछलागा | 17 November, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## आजबाट मदिराजन्य पदार्थको प्रयोगमा बन्देज

हेटौंडा/आजबाट मकवानपुरमा मदिराजन्य पदार्थको प्रयोगमा बन्देज गरिएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरले सूचना सार्वजनिक गर्दै मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण एवम् भयरहित वातावरणमा सम्पन्न गर्न मदिराजन्य पदार्थ पूर्ण रुपमा बन्द गरेको जनाएको हो । कार्यालयले आज बिहीबार राती १२ बजेदेखि मंसिर ५ गते दिउँसो १२ बजेसम्म जिल्लाभर मदिराजन्य पदार्थको प्रयोगमा बन्देज गर्ने उल्लेख गरेको छ । यस्तै, मत गणना हुने मतगणनास्थल सिद्धार्थ माविको ५ सय मिटर आसपासको क्षेत्रमा मतगणनाको कार्य सम्पन्न नहुँदासम्मको लागि मदिराजन्य पदार्थको ओसारपसार, विक्रि वितरण तथा सेवन पूर्ण रुपमा बन्द गर्ने भएको छ । यस्तै, निर्वाचनको दिन अनुमति प्राप्त सवारी साधन मात्र संचालन गर्न पाईने भएको छ । मंसिर ४ गते बिहान ५ बजेदेखि मंसिर ५ गते बिहान ५ बजेसम्म सम्पूर्ण निजी तथा सार्वजनिक यातायातका सवारीसाधन संचालन गर्न नपाउने जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ ।

# आज चुनाव प्रचारप्रसारको अन्तिम दिन, मध्यरातिबाट मौन अवधि सुरु हुने

साझाकुरा संवाददाता

हेटौंडा, ३० कात्तिक/ प्रतिनिधीसभा तथा प्रदेशसभाको निर्वाचन आउन अब ४ दिन बाँकी छ । देश संघीयतामा गएपछि दोस्रो पटक प्रतिनिधीसभा र प्रदेशसभाको निर्वाचन एकैपटक हुन लागेको हो ।

मंसिर ४ गते हुन लागेको निर्वाचनमा होमिएका उम्मेदवारहरुले मतदाताहरुसँग मत माग्दै प्रचारप्रसार गर्ने आज बिहिबार अन्तिम दिन हो । निर्वाचन आयोगले उम्मेदवारहरलाई चुनाव हुने दिनभन्दा ७२ घण्टाअघिदेखी प्रचारप्रसार कार्य नगर्न भनेको छ । निर्वाचनअघिको ७२ घण्टालाई यसअघि मौन अवधि भन्ने गरेकोमा हाल निर्वाचन आयोगले स्थिर समयको रुपमा चित्रण गरेको छ ।

सोही अनुसार आज बिहिबार मध्यराती १२ बजेसम्म मात्रै उम्मेदवारहरुले प्रचारप्रसार गर्न पाउनेछन् । स्थिर समय अर्थात मौन अवधिभर निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तक्रिया, सभा सम्मेलन कार्यशाला गोष्ठी आदि गर्न नहुने, मौन अवधि सुरु हुनुभन्दा अगाडि मतदानस्थलको ३ सय मिटरवरिपरि राखिएका र ाजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसार सामग्री हटाउनुपर्ने, कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न या निर्वाचन प्रचारप्रसार गर्न नहुने, सामाजिक सञ्जाल, अनलाइन छापा वा अन्य



कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश सूचना वा प्रचारप्रसारका सामग्री पोस्ट वा शेयर गर्न वा गराउन नहुने निर्वाचन आयोगले जनाएको छ ।

चुनाव प्रचारप्रसार गर्ने आज अन्तिम दिन भएसँगै उम्मेदवार हरुले आफ्नो भागदौडलाई बढाएका छन् । विभिन्न राजनीतिक दलहरुले चुनावको अन्तिम कार्यक्रमको रुपमा आज आमसभाको पनि आयोजना गरेका छन् । सत्तारुढ गठबन्धनले मकवानपुरको निर्वाचन क्षेत्र नम्वर २ को अन्तिम कार्यक्रमको रुपमा आज बिहिबार बिहान ११ बजे मनहरी गाउँपालिकामा आमसभाको आयोजना गरेको छ ।

मकवानपुर जिल्लामा दुइ वटा प्रतिनिधी सभा र चार प्रदेशसभा निर्वाचनमा कुल ३ लाख ७ सय ३३ जना मतदाता रहेका छन् । मकवानपुर क्षेत्र नम्बर-१ मा कुल मतदाता १ लाख ५० हजार १ सय ५५ जना रहेका छन् । जस मध्यमा पुरुष मतदाता ७४ हजार ९ सय ३० जना रहेका छन् ।

यस क्षेत्रमा महिला मतदाता ७५ हजार २ सय २१ जना रहेका छन् । अन्य ४ जना मतदाता रहेका छन् । उक्त क्षेत्रमा ६२ वटा मतदान स्थलमा १ सय ७२ वटा मतदान केन्द्र रहेका छन् । १४ वटा राजनीतिक दलका १४ जना उम्मेदवार र २ जना स्वतन्त्र गरी कुल १६ जना उम्मेदवार यो निर्वाचन क्षेत्रमा छन् । जसमा १ जना महिला र १५ जना पुरुष उम्मेदवार रहेका छन् । मकवानपुर क्षेत्र नम्बर-२ मा कुल मतदाता १ लाख ५० हजार ५ सय ७८ जना रहेका छन् । जस मध्यमा पुरुष ७८ हजार ५ सय ९८ जना रहेका छन् । यस क्षेत्रमा महिला मतदाता ७१ हजार ९ सय ७९ जना रहेका छन् । अन्य १ जना मतदाता छन् ।

निर्वाचन क्षेत्र नम्वर २ मा १ सय ५ वटा मतदान स्थलमा १ सय ९२ वटा मतदान केन्द्र रहेका छन् । उक्त क्षेत्रमा ९ वटा राजनीतिक दलका ९ जना उम्मेदवार रहेका छन् भने स्वतन्त्र १ जना गरी कुल १० जना उम्मेदवार बिचमा प्रतिस्पर्धा र हेको छ । मकवानपुर क्षेत्र नम्बर १ को (क) मा ७७ हजार ९ सय ८९ जना मतदाता रहेका छन् । जसमा पुरुष ४० हजार १ सय ११ जना छन् । महिला ३७ हजार ८ सय ७७ जना रहेका छन् । अन्यमा १ जना छन् । मकवानपुर क्षेत्र नम्बर-१ को (ख) मा कुल मतदाता ७२ हजार १ सय ६६ जना रहेका छन् । जसमा पुरुष ३४ हजार ८ सय १९ जना छन् । महिला ३७ हजार ३ सय ४४ जना रहेका छन् । अन्यमा ३ जना छन् । क्षेत्र नम्बर-१ को प्रदेशसभा (क) मा पुरुष मतदाता वढी रहेका छन् । प्रदेश (ख) मा महिला बढी मतदाता रहेका छन् ।

मकवानपुर क्षेत्र नम्बर-२ को (क) मा कुल मतदाता ८३ हजार ९९ जना छन् । यस क्षेत्रमा पुरुष ४२ हजार ८ सय ४३ जना छन् । महिला ४० हजार २ सय ५५ जना छन् । अन्यमा १ जना छन् । क्षेत्र नम्बर-२ को (ख) मा कुल मतदाता ६७ हजार ४ सय ७९ जना रहेका छन् । यस मध्यमा पुरुष ३५ हजार ७ सय ५५ जना छन् । महिला ३१ हजार ७ सय २४ जना रहेका छन् । क्षेत्र नम्बर-२ को दुवै प्रदेशसभा क्षेत्रमा पुरुष मतदाता बढी रहेका छन् ।

# बर्तौलाप्रति वृद्धवृद्धादेखि युवा मतदाताको आकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, ३० कार्तिक/ मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा एमालेबाट उम्मेदवार रहेका युवा महेश बर्तौलाप्रति यस क्षेत्रका वृद्धवृद्धादेखि युवाहरुको आकर्षण बढेको विश्लेषण गरिएको छ ।



निर्वाचन विश्लेषण अनुसार यसअघि चार पटक चुनाव जितिसकेका विरोध खतिवडा भन्दा बर्तौलाप्रति धेरैले विश्वास देखाएको पाइएको हो । युवाहरुको नेतृत्व गरिरहेकाले युवाहरुको भावना बुझ्न सक्ने र वृद्धवृद्धाहरुसँग छिट्टै भिज्न सक्ने भएकाले उनलाई वृद्धवृद्धादेखि युवाहरुले रुचाएको विश्लेषण गरिएको हो । हेटौंडा उपमहानगर पालिका-१९ नेवारपानी, पार्कमा निजिकै ठेलामा राखेको चिया पसलमा हुने चुनाव केन्द्रित बहसमा बर्तौलाको बढी चर्चा हुने गरेको हो । क्षेत्र नम्बर २ मा गठबन्धनबाट विरोध खतिवडा र नेकपा एमालेतर्फका महेश बर्तौला मुख्य प्रतिस्पर्धामा छन् ।

चिया पसलमा उनीहरुको पक्ष विपक्षमा चियाको चुस्कीसँगै छलफल चलिरहन्छ । खतिवडा २०४८ सालदेखि लगातार चार पटक यो क्षेत्रबाट नेकपा एमालेको सूर्य चिन्हबाट लडेर विजयी भएका थिए । तर, यो पटक उनी गठबन्धनतर्फबाट नेकपा एकीकृत समाजवादी पार्टी कमल चिन्न लिएर उठेका छन् । त्यही सूर्य चिन्ह उनलाई २०७४ सालमा जिताउन लागेका महेश बर्तौलाले पाएका छन् यसपटक । त्यसैले पनि अहिले चियापसलमा यसबारे छलफल चल्ने गर्छ । चिया पसल गर्दै आएका एक स्थानीयले यसपटक यो क्षेत्रमा महेश नै जित्ने दाबी गरे ।

नवलपुरका ७३ वर्षीय भोला सुवेदीले बर्तौला युवा, पढेको र सरल स्वभावको भएकोले पनि जित्ने दावी गर्छन् । '२१ सालदेखिको चुनावको अनुभव भएको मान्छे हुँ, जित्छ भन्ने मेरो अठोट हो', सुवेदीसँगै बसेर चिया पिउँदै गरेका प्रकाश बर्तौलाले पनि महेश बर्तौलाले चुनाव जित्ने दावी गरे । 'खतिवडाको लागि हामिले जिन्दगीभर जिम्मेवार लिएर बसेका छैनौ । यसपटक त महेशलाई जान्छ मेरो भोट पनि', 'हो बाँच्नपर्छ खानपर्छ तर, खाएर नपुगेकाहरुलाई अब भोट दिन्नौँ', नवलपुरभन्दा अलि पर रहेको मनहरी गाउँपालिका वडा नम्वर-३ मा थुप्रै युवाहरु आफ्नो क्षेत्रको उम्मेदवारहरुको चर्चा गरिरहेका थिए यसैबीच त्यहाँका एक युवा पुरुषोत्तम घिमिरेले उक्त क्षेत्रमा महेश नै बलियो उम्मेदवार भएको भन्दै बर्तौलाले नै चुनाव जित्ने ठोकुवा गरे ।

अर्का युवा शिवराज ढकाल पनि महेशले चुनाव जित्ने बताउँछन् । 'विरोध खतिवडालाई हाम्रो हजुरबुवाको पालादेखि भोट हाल्यो । अब परिवर्तनको लागि महेश बर्तौलालाई भोट हाल्छौं, महेश बर्तौलाको लगभग यो क्षेत्रमा जित सुनिश्चि छ', युवादेखि वृद्धसम्मले महेश बर्तौलाले जित्ने दावी गर्दै आइरहेका छन् । महेश बर्तौलासँग युवाहरु आर्कषित त छन् नै तर, वृद्धवृद्धाहरु पनि उनको उम्मेदवारीलाई सकरात्मक रुपमा लिँदै आईरहेका छन् ।

स्थानीय तह निर्वाचनको मत परिणामअनुसार मकवानपुर २ निर्वाचन क्षेत्रमा एमालेले वडास्तरमा ३६ हजार ८ सय ६६ भोट ल्याएको थियो । यसैगरी कांग्रेसले यो क्षेत्रमा वडास्तरमा ३४ हजार २ सय ४०, माओवादीले २२ हजार ६ सय ७, एकीकृत समाजवादीको २ हजार ७ सय १९ र राष्ट्रिय जनमोर्चाको ४ सय ३४ भोट खसेको थियो ।


## व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर:

९८४५०२७०६४/९८५५०६८०३८


# मकवानपुरमा ३ लाख बढी मतदाताले हाल्दै भोट

साझाकुरा संवाददाता

हेटौंडा, ३० कार्तिक/४ दिनपछि अर्थात ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि मकवानपुरबाट ३ लाख भन्दा बढी मतदाताले भोट हाल्न पाउने छन् ।

जिल्लामा ३ लाख ७ सय ३३ जनाले मतदान गर्न पाउने भएका छन् । जसमध्ये ७० प्रतिशत भन्दा बढीले मतदान गर्ने आंकलन गरिएको छ । मतदातामा नाम भएका बराबर मतदान हुने गरेको छैन् ।

मकवानपुरमा २ वटा प्रतिनिधिसभा क्षेत्र र ४ प्रदेश सभा क्षेत्र निर्वाचनमा ३ लाख ७ सय ३३ जना मतदाताले मतदान गर्ने भएका हुन् । जिल्लाभर ३ सय ६५ मतदान केन्द्र र १ सय ६७ वटा मतदान स्थल छ । जसमध्ये ६२ वटा मतदान स्थलमा १ सय ७२ वटा मतदान केन्द्र रहेको मकवानपुर क्षेत्र नम्बर १ मा १ लाख ५० हजार १ सय ५५ जना मतदान गर्ने छन् । जस मध्यमा पुरुष मतदाता ७४ हजार ९ सय ३० जना र महिला मतदाता ७५ हजार २ सय २१ जना रहेका छन् । यस क्षेत्रमा अन्य ४ जना मतदाता रहेका छन् ।

क्षेत्र नम्बर १ मा कुल १६ जना उम्मेदवार छन् । जसमा १४ वटा राजनीतिक दलका १४ जना उम्मेदवार र २ जना स्वतन्त्र उम्मेदवार छन् । जसमा १ जना महिला र १५ जना पुरुष उम्मेदवार रहेका छन् । निर्वाचन आयोगका अनुसार उम्मेदवार मध्ये आदीवासी जनजाती ४३ दशमलव ७५ प्रतिशत र खसआर्य ५६ दशमलव २५ प्रतिशत रहेको छ ।

१ सय ५ वटा मतदान स्थलमा १ सय ९२ वटा मतदान केन्द्र रहेको मकवानपुर क्षेत्र नम्बर २ मा १ लाख ५० हजार ५ सय ७८ जनाले मतदान गर्ने छन् । जस मध्यमा पुरुष ७८ हजार ५ सय ९८ जना र महिला मतदाता ७१ हजार ९ सय ७९ जना छन् । अन्य १ जना मतदाता छन् ।

२ नम्बर क्षेत्रमा १० जना उम्मेदवार खडा भएका छन् । यस क्षेत्रमा ९ वटा राजनीतिक दलका ९ जना उम्मेदवार रहेका छन् । स्वतन्त्र उम्मेदवार १ जना रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ । निर्वाचन आयोगका अनुसार उम्मेदवारमध्ये आदीवासी जनजाती ३० प्रतिशत र खसआर्य ७० प्रतिशत रहेको छ । मकवानपुर क्षेत्र नम्बर १ को प्रदेश सभा (क) मा ७७ हजार ९ सय ८९ जनाले मतदान गर्ने छन् । जसमा पुरुष ४० हजार १ सय ११ जना तथा महिला ३७ हजार ८ सय ७७ जना रहेका छन् । अन्यमा १ जना रहेका छन् ।

मकवानपुर क्षेत्र नम्बर-१ को प्रदेश सभा (ख) ७२ हजार १ सय ६६ जनाले मतदानमा भाग लिने छन् । जसमा पुरुष ३४ हजार ८ सय १९ जना छन् । महिला ३७ हजार ३ सय ४४ जना रहेका छन् । अन्यमा ३ जना रहेका छन् । क्षेत्र नम्बर-१ को प्रदेशसभा क पुरुष मतदाता तथा प्रदेश ख मा महिला मतदाता बढी रहेका छन् । मकवानपुर क्षेत्र नम्बर-२ को प्रदेश सभा क मा ८३ हजार ९९ जनाले मतदान गर्दैछन् । यस क्षेत्रमा पुरुष ४२ हजार ८ सय ४३ जना छन् । महिला ४० हजार २ सय ५५ जना छन् । अन्यमा १ जना छन् । क्षेत्र नम्बर-२ को ख मा कुल मतदाता ६७ हजार ४ सय ७९ जना रहेका छन् । यस मध्यमा पुरुष ३५ हजार ७ सय ५५ जना छन् । महिला ३१ हजार ७ सय २४ जना रहेका छन् ।

जिल्लाको प्रतिनिधिसभा क्षेत्र नम्बर १ मा हेटौंडा उपमहानगरपालिकाको १५ वटा वडा (१, ३, ११ र १९ बाहेक), बागमती गाउँपालिका र बकैया गाउँपालिका पुरै र मकवानपुरगढी गाउँपालिकाको १, २, ३ र ४ नम्बर वडा पर्दछ । प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा हेटौंडा उपमहानगर पालिकाको १, ३, ११ र १९ नम्बर वडा, मकवानपुरगढी गाउँपालिकाको ५, ६, ७ र ८ नम्बर वडा तथा मनहरी गाउँपालिका, राक्सिराङ गाउँपालिका, कैलाश गाउँपालिका, थाहा नगरपालिका, इन्द्रसरोबर गाउँपालिका र भीमफेदी गाउँपालिका पर्दछन् ।

# नेपालको जीतमा हेटौंडेली अञ्जनको निर्णायक गोल



साझाकुरा संवाददाता

हेटौंडा, ३० कार्तिक/ नेपाल र पाकिस्तानबीच भएको मैत्रीपूर्ण फुटबलमा हेटौंडाका स्टार अञ्जन विष्टले निर्णायक गोल गरेका छन् ।

खेलको ८३ औं मिनेटमा सुनिल बलको पासलाई अञ्जनले डिबक्सभित्रबाट बललाई जाली चुमाए । संयोग पनि यस्तो मिलेको छ की गोल गर्ने अञ्जन र पास दिने बल दुवै हेटौंडाका हुन् । सुनिल बलको लामो हाइ पासलाई अञ्जनले डिबक्सभित्र डाइफ दिँदै बललाई जाली गुमाएका थिए ।

विपक्षी गोल रक्षकले अञ्जनको खुट्टामा लागेर बलले जाली चुमेको थाहै पाएनन् । अञ्जनले नेपालका ११ औं अन्तराष्ट्रिय गोल गरेका हुन् । अब नेपालका लागि सर्वाधिक गोल गर्ने खेलाडीमा पर्न अञ्जनले थप दुई गोल गर्नुपर्नेछ । नेपालका लागि यसअघि हरि खड्का र निराजन रायमाझीले सर्वाधिक १३ गोल गरेका थिए ।

खेलको अन्त्यतिर फरवार्ड विष्टले गोल गरेपछि नेपालले पाकिस्तानसँगको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा १-० गोलले जित निकालेको हो । खेल काठमाडौंस्थित दशरथ रंगशालामा भएको हो । बुधबार भएको खेलको पहिलो मिनेटमा विमल घर्ती मगरले सुवर्ण अवसर पाएपनि उनले प्रहार गर्न ढिला गरे । ११ औं मिनेटमा काउन्टर अट्याकमा पाकिस्तानले अवसर पाएपनि एलामगिर घाँजीको पासलाई वाहिद खानले भेट्न नसक्दा गोलरक्षक दीप कार्कीले नियन्त्रणमा लिन सफल भए । त्यसपछि पाकिस्तानले काउन्टर अट्याकमा केही प्रयास गरेपनि नेपालको रक्षापङ्क्ति तोड्न सकेन ।

११ असोजमा दशरथ रंगशालामा सम्पन्न बंगलादेशविरुद्धको मैत्रीपूर्ण खेलमा अञ्जनको ह्याट्रिकमा नेपालले ३-१ को जित निकालेको थियो । ह्याट्रिकसँगै अञ्जनले आफ्नो अन्तराष्ट्रिय गोल संख्या १० पुर्‍याएका थिए । पाकिस्तान यसै खेलमार्फत अन्तर्राष्ट्रिय फुटबलमा फर्किएको थियो । विश्व फुटबलको सर्वोच्च निकाय (फिफा) ले प्रतिबन्ध फुकाएपछि झन्डै साँढे तीन वर्षपछि मैदान फर्किएको पाकिस्तानले पनि केही आक्रमण बुनेपनि गोल भने गर्न सकेन । नेपाली पुरुष फुटबल टोलीले दशरथ रंगशालामा खेलेको यो ५०औं अन्तर्राष्ट्रिय खेल हो ।


## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

# बाघ आतंकबाट आफू बचौं, अरुलाई पनि बचाऔं

पछिल्लो समय वन जङ्गल नजिकका बस्तीहरू लगायत अन्यत्र जे/जसरी बाघबाट हुने आक्रमणका घटना बढ्दै गएको छ, त्यो आफैंमा चिन्ताको विषय हो । बाघको आक्रमणका कारण अहिले हेटौंडा आसपासका बस्तीमा डर त्रास बढेको छ । त्यस्तै अन्य स्थानमा पनि छिटपुटरूपमा बाघले मानिसमाथि आक्रमण गरेको घटना बाहिर आएका छन् । पछिल्लो समय हेटौंडामा पाटेबाघको आतङ्क मच्चिएको छ । हेटौंडा-१ नम्बर वडास्थित भैरबडाँडा, लालभ्काडीलगायत मकवानपुरगढी गाउँपालिकामा बाघले विभिन्न पशुचौपायामाथि आक्रमण गरिसकेकोछ । पछिल्लो समय निकुञ्ज आसपासका क्षेत्रमा बाघको सङ्ख्या बढेसँगै बाघले मध्यवर्ती क्षेत्रमै बासस्थान बनाउन थालेको छ । बाघको बासस्थान वरपर मानवीय गतिविधि पूर्ववत् अवस्थामा रहँदा हिंस्रक घटना बढ्न थालेका हुन् । बाघ निश्चित क्षेत्रलाई आफ्नो बासस्थान बनाएर बस्ने प्राणी हो । सङ्ख्या बढ्दै गएर निकुञ्जभित्र बासस्थान नपुगेपछि बाघले मध्यवर्ती सामुदायिक वनहरुमा आफ्नो बासस्थान बनाउँदै गएको अनुमान गर्न सकिन्छ ।

मकवानपुर पनि बाघको उपयुक्त बासस्थान नभए पनि चितवन राष्ट्रिय निकुञ्जबाट मनहरी मध्यवर्तीवन हुँदै लालभ्काडी आइपुगेको आँकलन गर्न सकिन्छ । विज्ञहरूको भनाइमा एउटा क्षेत्रमा एउटामात्रै बाघ बस्ने र संख्या बढ्दा अर्को बयस्क बाघ आफ्नो बासस्थानको खोजीमा हिँड्ने गर्छ । त्यसैले पनि बाघको आहोरदोहोर बढी भएको मान्न सकिन्छ । बाघको यो ओहोरदोहोर हुन थालेपछि त्यस्ता सम्भावित क्षेत्रमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष र विश्व वन्यजन्तु कोषसँगको समन्वयमा क्यामेरा ट्र्यापिङको काम पनि भइरहेको छ । अहिले जंगली वन्यजन्तुको सम्भावित आक्रमणबाट जोगिन/जोगाउन स्थानीय समुदायले आ-आफ्नै स्थानबाट विभिन्न प्रयास गर्दै आएका छन् । त्यसो त पछिल्लो समय मानव र वन्यजन्तुबीच बढ्दै गएको द्वन्द्वका घटनाले दुवैतर्फ क्षतिका घटना नभएका होइनन् । विशेषगरी जंगली क्षेत्रमा पूर्वाधारहरू निर्माण भएसँगै वन्यजन्तुहरू बस्ती र सडकतर्फ आउने क्रममा मानिस र बस्तीमा क्षति पुऱ्याउने गरेका छन् भने त्यहीकारण वन्यजन्तुहरू पनि मानवीय निशानामा पर्ने गरेका छन् । कतै बाघको आक्रमणका कारण क्षति भएका छन् भने कतिपय स्थानमा जंगली हात्तीले मानवीय बस्तीमा क्षति गराएका दृष्टान्त छन् । यसले गर्दा मुलुकका विभिन्न संरक्षित क्षेत्रका राजमार्ग, सडक वा अन्य स्थानमा मानव र वन्यजन्तु बीचको द्वन्द्वबाट दुवैतर्फ हुने क्षति बर्षेनि बढ्दै गइरहेको छ ।

बाघबाट बच्नको लागि साँझमा बाहिर नबस्ने आफ्नो घरवरिपरि कम्पाउन्ड लगाउने । बिहान बेलुकी बाहिर नजाने, जङ्गल जानुपरे समूहमा जाने र ध्यान दिएर सावधानीपूर्वक काम गर्ने, बाघले बच्चा भएको ठाउँ तिर नजाने, घर वरपर हिँडडुल गर्दा पर्याप्त प्रकाशको व्यवस्था गर्ने, साँझविहान हिँडडुल गर्दा सेतो कपडा लगाएर गर्नेलगायत सावधानी अपनाउनु पर्ने राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिकहरुले बताएका छन् । यी विषयहरुमा सावधानी अपनाउँदै बाघबाट हुनसक्ने मानवीय क्षति न्यूनीकरण गरौं । बाघबाट आफू बचौं, अरुलाई बचाऔं ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ मंसिर २ गते शुक्रबार १८ नोभेम्बर २०२२ । मंसिर कृष्णपक्ष दशमी । कछलागा ११४३ ने.सं. । सूर्योदय ६:२८, सूर्यास्त ५:९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : हाँसखेलमा दिन जानेछ | तुला | : स्वास्थ्यमा खराबी आउनेछ |
| वृष | : मनमा धेरै कुरा खेल्ने छन् | वृश्चिक | : शुभ कामको संकेत मिल्नेछ |
| मिथुन | : रमाइलो यात्राको योग परेको छ | धनु | : शरीरमा केही आलश्य हुनेछ |
| कर्कट | : मन प्रसन्न रहनेछ | मकर | : सफलता मिल्न गाह्रो छ |
| सिंह | : नचिताएको काम सम्पन्न हुनेछ | कुम्भ | : यात्राबाट नोक्सान हुनेछ |
| कन्या | : मिहिनेतको फल मिल्नेछ | मीन | : घाउचोट लाग्न सक्नेछ |

# बायो इन्जिनियरिङ र फोहोर व्यवस्थापनको लागि भेटिवर पद्धति रामवाण



**विनोद न्यौपाने**

विश्वमै वातावरणीय विनाश र ह्रास भएको छ । हाम्रो मुलुकको लागि माटोको क्षयीकरण ठुलो पर्यावरणीय र आर्थिक भार बनेको लुकेको छैन । विश्वमै जलवायु परिवर्तनले सङ्कट निम्त्याएको छ । यो सङ्कटबाट नेपाल पनि अछुतो छैन । हामी बाढी, पहिरो, नदी कटान, कृषि उत्पादनमा क्षति, फोहोरमैला आदि समस्या भोग्दै र भ्केल्दै आइरहेका छौँ ।

सन् २०२० मा मात्रै बाढी, पहिरोका कारण ३६० जनाले ज्यान गुमाए । नेपाल रेडक्रस सोसाइटीको अध्ययनअनुसार यसले २३,४७८ परिवार तथा १,१७,३९० व्यक्तिलाई यस विपद्ले असर पुऱ्यायो । यसमा ५,१२५ घर क्षति भए भने आंशिक रूपले क्षति ७,४५७ घर धुरी भएको देखिन्छ । पहिरोको कारण ७ हजार परिवार अस्थायी रूपले विस्थापित हुन पुगे ।

प्राकृतिक विपत्तिले मानवीय क्षति त छँदैछ । विषात्त पदार्थसहितको फोहोर खोलानाला, नदी अथवा पानीका स्रोतहरूमा सूक्ष्म हानिकारक जीवहरूको ख्याल नगरी 'लिचेट' (फोहोरको भ्कोल पदार्थ) पानीका स्रोतमा मिसाइरहेको देखिन्छ । हामीले प्रकृतिको आन्तरिक मूल्यलाई विचार गर्दै दैनिकी सहज बनाउन सेवाहरूको मूल्य र आर्थिक मूल्याङ्कन प्रणालीमा प्राकृतिक विषयहरू समाविष्ट गर्नुपर्ने आवश्यकता छ । हामी नीति प्रक्रिया र कार्यान्वयनका विभिन्न पाटोहरुमा असफल छौँ । जस्तै विषयवस्तुको निश्चितता, पहुँच निर्णय- निर्धारण, अनुकूल नीति, कार्यान्वयन पाटो र अनुगमन तथा संस्थागत आकार दिन र दीर्घकालीन प्राथमिकताहरू आदि । यो अवस्था हेर्दा हामीले आफ्नै बलबुतामा दिगो रूपले माटो, पानी र हावाको व्यवस्थापन गर्नुपर्ने जिम्मेदारी देखिन्छ । यसका लागि भेटिवर घाँस रामवाण सावित हुन सक्छ ।

***के हो भेटिवर घाँस ?***

भेटिवर अंग्रेजी नाम हो । यो धान, गहुँजस्तै घाँस प्रजातिको विरुवा हो । भेटिवर घाँसलाई संस्कृतमा उसिरा भनिन्छ । हिन्दीमा खस र कसैकसैले खुस-खुस पनि भन्दछन् । यो एक बहुबर्से घाँस जातको वनस्पति हो । यसले उर्वर बीउ उत्पादन गर्न सक्दैन, यो गुच्छादार विरुवा हो । भारतमा पहिलेदेखि नै यसको प्रयोग गरेको पाइन्छ । यो भ्कारको रुपमा नफैलिने अद्वितीय र अद्भुत घाँस हो । यसको जरा वर परको क्षेत्रमा फाइदाजनक सूक्ष्म जीवहरूको प्रक्रियाहरूलाई चलायमान बनाउनुको साथै उत्तेजित गराउँछ ।

यसले माटोको नुनिलोपनदेखि अम्लीयपन ३ देखि ११ सम्म र तापमान १५ देखि ५५ डिग्री सेल्सियससम्म सहन सक्छ । यो विरुवा अत्यन्त खडेरीदेखि कम्तीमा तीन महिनासम्म पानीमा पूर्ण डुबेर पनि बाँच्न सक्छ भन्ने प्रमाणित भएको छ । यसको व्याख्या आयुर्वेदिक पित्त दोष उपचारको लागि गरिएको पाइन्छ । त्यस्तै वेद, चरक संहिता र सुसुर्ता संहितामा उल्लेख गरेको पाइन्छ । परापूर्वकालदेखि भेटिवर घाँस र यसका जरा तिनको सुगन्ध, औषधीय र भूक्षय नियन्त्रणको लागि प्रयोग भएको देखिन्छ । यसको डाँठ दुई मिटरसम्म बढ्छ भने जरा तीन मिटर गहिराइसम्म जान्छ ।

रोपिएको तीन महिनाभित्रै यसले नङ र मासु जोडिएजसरी माटो समाउँछ । लिचेट फोहोरको भ्कोलमा रहेका विषादी पदार्थ क्याडेमियम, निकल, फलाम, एन्टिबायोटिकको संरचना भत्काएर खाद्य पदार्थका रूपमा ग्रहण गर्दछ । यो समुद्र सतहदेखि २५ सय मिटर उचाइसम्म लगाउन सकिन्छ ।

आशाजनक वनस्पति स्रोतहरू जुन यसअघि उपेक्षित वा बेवास्ता गरिएका थिए, तिनलाई प्रयोग गरी विकासोन्मुख देशको समस्या समाधान गर्ने विशेष प्रतिज्ञासहित सन् १९७० कै दशकमा बोर्ड अन साइन्स एन्ड टेक्नोलोजी फर इन्टरनेशनल डेभलपमेन्ट, राष्ट्रिय अनुसन्धान परिषद्को एक डिभिजनले भेटिवर पद्धतिमा कार्य गरेको देखिन्छ । माटो र पानी संरक्षणको लागि विश्व बैंकद्वारा कृषि खण्डको लागि प्रविधि पहिलो पटक विकसित गरिएको थियो । पछि आएर जैविक इन्जिनियरिङ र वातावरणीय फाइटोरे मेडिएसनमार्फत् गैरकृषि क्षेत्रलाई समेट्न विस्तार गरिएको थियो ।

सन् १९५६ मा फिजीमा जोन ग्रीनफिल्डले उखु खेतीसँगै यसको सफल प्रयोग गरेका थिए । कामकै सिलसिलामा जोन ग्रीनफिल्ड भारत आएपछि त्यहाँ मैसुरमा प्रयोग भइरहेको भेटिवर पद्धति देखेर दङ्दास परेको देखिन्छ । यसै आधारमा धेरै अगाडिदेखि भारत र अन्य मुलुकमा अभ्यासमा रहेको भेटिवर घाँस पद्धति यहाँ 'दिगो र समावेशी विकासका लागि अनुसन्धान तथा उत्प्रेरणा केन्द्र', संस्थाले अगाडि ल्याएको छ ।

***भेटिवर पद्धति नै किन ?***

भेटिवर प्रणाली (भीएस) माटो र पानी संरक्षणको एक प्रणाली हो । यसले भेटिवर घाँसको प्रयोग गर्दै धेरै जमिन र पानीसम्बन्धि चुनौती समाधान गर्न उत्तम अभ्यास विधिलाई बुभ्काउँछ । भेटिवर प्रणाली एउटा वर्णनात्मक नाम हो जसमा भेटिवर घाँस प्रविधि पर्दछ । यो घाँस प्रविधि ठाउँ, समस्या, आवश्यकता, वातावरण, लागत आदि अध्ययन र अनुसन्धान गरी धेरै फरक, फरक प्रयोग गर्न सकिन्छ ।

भेटिवर पद्धति परिस्थिति र आवश्यकता अनुसार एक्लै कार्यान्वयन गर्न सकिन्छ । यो अन्य परम्परागत हार्डइन्जिनियर समाधानहरू जस्तै रिटेनिङ वाल, ग्याबियन बास्केट, जियोटेक्स्टाइल आदिसँगको संयोजनमा लागू गर्न सकिन्छ । भेटिवर प्रणाली संसारमा एक सय भन्दा बढी देशहरूमा प्रयोग गरिएको छ । जस्तै माटो र पानी संरक्षण, पूर्वाधार स्थिरीकरण, प्रदूषण नियन्त्रण, फोहोर पानी उपचार, विपद न्यूनीकरण र पुन:स्थापना, नदी किनारा र बगर नियन्त्रण, आँधीको क्षतिको रोकथाम र अन्य वातावरणीय सुरक्षाका प्रयोगहरू बायोइन्जिनियरिङ, फाइटो रिमेडिएसन र बायोरिमेडीएसन मार्फत प्रयोग गरिएको छ । भेटिवर पद्धतिले सबै क्षेत्रमा उत्कृष्ट नतिजा दिएको देखिन्छ ।

जस्तै थाइल्याण्डका राजाको पहलपछि सन् १९९३ बाट राजमार्ग निर्माण र मर्मत सम्भारका परियोजनामा भूक्षय नियन्त्रण र स्थिरीकरणको लागि प्रत्येक वर्ष भेटिवर घाँसका ४.५ मिलियन भन्दा बढी स्लिप रोपिएको छ । ३२ सय किमी लामो हो ची मिन्ह सडकमा, संवेदनशील कटिङ र फिलिङ गरिएको सडकको १ हजार किमीका बिभिन्न ठाउँमा भिरालो स्थिरीकरण भेटिवर पद्धतिद्वारा गरियो । नेपालमा बनिरहेको फास्ट ट्र्याकमा, मुग्लिङ-नारायणगढ सडकदेखि मुलुकभरिका सडक र ग्रामीण सडकहरुमा भेटिवर पद्धतिसहित बायो इन्जिनियरिङ वा इको फ्रेन्डली इन्जिनियरिङ गर्न सकिन्छ ।

कतिपय अफ्रिकी मुलुकहरुको अध्ययन गर्दा, भेटिवर पद्धतिले दिगो भूमि स्थिरिकरण गरिदिए हामी के खाने भन्ने ठेकेदारहरुले प्रश्नहरु उब्जाएको पनि देखिन्छ । यसले हाम्रो मुलुकमा पनि भएको ठेकेदारी प्रथाको कमिशनका कारण जनप्रतिनिधि र प्राविधिक कर्मचारीको पनि चासो कम रहेको देखिन्छ । भेटिवरले लामो समयसम्म खडेरी, बाढी, चरम तापक्रम, उच्च स्तरको लवणता, सोडियम बढी भएको, अम्लता, क्षारीयता र विषाक्त धातुहरुको विस्तृत श्रृङ्खलासहित चरम जलवायु परिवर्तन सहन सक्छ । यस घाँसको द्रुत वृद्धि दर, उच्च बायोमास, स्थानीय प्रजातिहरूमा गैरआक्रमक प्रभाव, प्रदूषणमा सहनशीलता र जराको विशिष्ट व्यवहारको कारणले महत्वपूर्ण छ । भेटिवर पद्धति जलवायु संकट मानवीय सुरक्षासँग जोडिएको विषय हुनुको साथै संयुक्त राष्ट्र संघले अगाडी सारेका १७ लक्ष्य, उद्देश्य र कार्यान्वयनका पाटोसंग जोडिन्छ । भेटिवर घाँसले कार्बन सीक्वेस्ट्रेशन २० देखि ३० टन प्रतिवर्ष बनाउन सक्छ । यसको जरा, पात र काण्डले ठुलो मात्रामा बायो मास उत्पादन गर्न सक्छ । बायो मासको मात्रा स्थान, माटो र जलवायुमा निर्भर गर्दछ ।

भेटिवरको प्रयोग गरेर दूषित फोहोर मैला फाल्ने साइटहरूको लिचेट उपचारमा उत्कृष्ट नतिजा दिएको छ । भारी धातु र नुन भएको लिचेट भेटिवरको अद्वितीय विशेषताले उपचार गर्दछ । भेटिवरको उच्च वाष्प ट्रान्सपिरेसन क्षमताको कारणले ओसिलो खपत हुन्छ र प्रदूषकहरूले बोटको वृद्धिलाई इन्धन गर्न सूक्ष्म र म्याक्रो पोषक तत्वको रूपमा काम गर्दछ । भेटिवर प्रयोग गर्ने प्रणालीले ल्यान्डफिलमा वर्षाको घुसपैठलाई पनि कम गर्छ, जसको परिणामस्वरूप कम लिचेट उत्पादन हुन्छ ।

भेटिवर पद्धतिसहितको बायो इन्जिनियरिङ प्रयोग गर्न हाम्रो मुलुकका ७ सय ५३ रुमा सहजै सकिन्छ । यसलाई हामीले काठमाडौंबाट एक वर्षलाई भनेर फोहोर फाल्न सुरु गरिएको सिसडोल ल्याण्ड साइट क्लोज अप गर्न वा त्यहाँ कोल्पू खोलामा मिसाइरहेको फोहोरको भ्कोलको उपचार गर्न सक्छौं ।

भेटिवर पद्धति वातावरणमैत्री र आर्थिक रुपले कम लागत लाग्ने पद्धति हो । सामाजिक रुपले पनि सहज र अनुकूल रहेको छ । स्थानीय औजार, स्रोत र साधन यसमा प्रयोग गर्न सजिलो र सहज छ । निर्वाहमुखी कृषिलाई बाजुरा, मुगु र हुम्लाका कर्णाली तटीय क्षेत्रमा जलवायु विपद्ले खलबल्यायो, सो को निराकरणको लागि माटोको ओसिलोपन बचाएर राख्ने गुणलाई सो क्षेत्रमा कृषि-वन पद्धति विकास गर्न सकिन्छ ।

भेटिवरको गाँज लगभग सय वर्षसम्म बाँच्छ । कीरा, रोग र आगोको लागि अत्यधिक प्रतिरोधी छ । भेटिवर घाँस धान, मकैमा लाग्ने किराहरू आफूतिर आकर्षित गर्ने ट्र्याप बिरुवाको रूपमा पनि प्रयोग गरी सफल भएको छ । त्यसैले, नेपालको भूगोलको अवस्थालाई यो साह्रै महत्वपूर्ण छ । यसलाई तीनै तहका सरकारले नीति, वार्षिक बजेट, योजना र आयोजनामा तत्काल कार्यान्वयनमा ल्याउनु अत्यावश्यक छ ।

पहाडको पहिरो, बाढी, गेग्र्यान र भग्नावशेष बगाउने रोक्नदेखि नेपालको तराई हुँदै भारतीय क्षेत्रमा हुने डुबान, नदी कटान रोक्न यो घाँस जातिको बिरुवा सक्षम छ । सामान्य आँखाबाट हेर्दा अपत्यारिलो, सामान्य देखिएता पनि यो विशिष्ट गुण रहेको भेटिवर घाँसको जात हाम्रो जीवन दैनिकी सहज बनाउने कुन्जी नै हो भन्न सकिन्छ ।

(लेखक न्यौपाने स्थानीय विकास र संघीयताका अध्येता हुन् ) *साभार: रातोपाटीबाट*

# को सुने ? नेता कि मतदाता ?



**अर्जुन अपवाद**

> हाम्रोमा मात्रै होला कि अन्य देशहरुमा पनि यस्तै होला । जहाँ दुई दशक पुरानो कुरा आजकै जस्तो छ । परिवेश त फेरियो । दुई दशक पहिले हामीसँग राजतन्त्र थियो । एकात्मक राज्य थियो। हामीले यी व्यवस्था फेरेको पनि १५ वर्ष पूरा भैसके।

नेपाल अहिले उल्टो दिशातिर लम्किरहेछ। ती जो लोकप्रिय र जनविश्वास प्राप्त संस्था थिए, अलोकप्रिय र जनताको नजरमा गिरेका संस्थामा बदलिन गएका छन्। ती जो अलोकप्रियताको चुलीमा र जनताको विश्वास गुमेका संस्थाहरू थिए, ती विस्तारै लोकप्रिय हुन थालिरहेछन्। नेपाली राजनीतिले यतिखेर प्रतिगामी बाटो समातिरहेछ।

राजनीतिमा मूल पूँजी भनेको जनताको विश्वास हो। नेतृत्वप्रति जनताको भरोसा छ भने, त्यो पूँजी भजाएर नेतृत्वले धेरै कुरा गर्न सक्छ। सिंगै देशलाई निर्देशित दिशामा लैजान सक्छ। कुनै पनि संकट मज्जाले भ्केल्न सक्छ। जनता र नेतृत्व एक ढिक्का भएको स्थितिमा दुनियाँको कुनै ताकतले पनि त्यसलाई परास्त गर्न सक्दैन, भ्कुकाउन सक्दैन।

नेपालको संसदीय पूँजीवादी प्रजातन्त्रको दश वर्षको मूल विशेषता के रह्यो भने, यो व्यवस्थाका सबै महारथीहरूले जनताको विश्वास साह्रै छिटो गुमाए। जनताबाट पहिले प्राप्त अपार विश्वासलाई उनीहरूले व्यक्तिगत स्वार्थ र मोजमस्तीसँग भजाएर खाए।

सिद्धान्त जे भए पनि, आदर्श उन्नत भए पनि कांग्रेस आचरणमा पञ्चजस्तै देखियो, एमाले कांग्रेसजस्तो, माले एमालेजस्तो। भेद कहीं कतै गुणको देखा परेन, थोरै थोरै मात्राको मात्र देखियो। कतै त मात्राको पनि अन्तर देखिएन।

राष्ट्रको अपार नोक्सानीमा महाकाली भारतलाई सुम्पने प्रवृत्ति र कर्णाली अमेरिकी कम्पनी एनरोनलाई सुम्पने प्रवृत्तिमा भेद के ? छँदाखाँदाको पार्टी फोडेर माले जुन कारणले एमालेबाट छुट्टिएको थियो त्यसको औचित्य कहीं कतै पुष्टि भएको देखा परेन । अहिले नेपाल भयावह अनिकाल भोग्दैछ। त्यो अनिकाल खानेकुराको होइन, भरोसायोग्य नेतृत्वको हो, त्यस्तो नेतृत्व जोसित वैकल्पिक भिजन छ, उन्नत नैतिक-सांस्कृतिक मूल्यहरू छन् र सिद्धान्तप्रतिको प्रतिबद्धता छ। एक्काइसौं शताब्दीको आजको नेपाललाई कता हाँक्ने ? कसरी हाँक्ने ? त्यसबारे सुस्पष्ट भिजन र भिजन अनुकूलको आचरण भएको भरोसायोग्य नेतृत्वको नेपालमा अहिले औधी खाँचो परिरहेछ।

अहिलेको नेपालको अन्तरविरोध के हो भने जोसँग भिजन र उन्नत जीवनमूल्य छ, ऊ नेतृत्वमा छैन, जो नेतृत्वमा छ ऊसँग भिजन पनि छैन, इमानदारी पनि छैन । यो अन्तरविरोध हल गर्नु नै यतिखेरको नेतृत्वको संकट हल गर्ने एक मात्र उपाय हो । माथिका ५ अनुच्छेद पढिसकेपछि तपाइँ अलिकति अचम्ममा पर्नुभयो होला। कुरा त भर्खरैको छ। पञ्चको ठाउँमा माओवादी, मालेको ठाउँमा एस हुनुपर्ने ! लेख्नेले बिगारेछ क्यार। अरू कुरा त अहिले सबै दुरुस्तै छ त ! के हो यो ?

यो भर्खरैको सामग्री हैन । दुई दशक अगाडि लेखिएको हो। २०५६ को आमनिर्वाचन पछि मूल्यांकन मासिकले लेखेको सम्पादकीयको अंश हो। कसरी हल हुन संभव छ वर्तमान नेतृत्वको अनिकाल ? शीर्षकको यो सामग्री आज पनि उत्तिकै प्रासंगिक छ। हामीले गरेको विकास समृद्धि, परिवर्तन नि ! कस्तो हो ? कहाँसम्म पुग्ने हो ?

यो लेखमा उठाउन खोजिएको विषय भनेको निर्वाचनमा सुधार गरेर कसरी हामीले खोजेको समृद्धि सम्भव छ भन्ने हो। यस विषयमा लगातार तीन लेखहरु लेखिसकेको भएर लेख्न त्यत्ति जाँगर चलेको थिएन। जब २३ वर्ष अगाडिको पत्रिका हात पर्यो त्यसपछि लाग्यो लेख्नै पर्छ ।

माथिको सामग्री प्रकाशित भएका बेलामा संसदीय राजनीति विकृतिको शिखरमा थियो। माओवादी चैं समाजवादी समाज स्थापना गर्नका लागि बन्दुक बोकेर जंगल छिरेको थियो। मूल्यांकन मासिकको हाउस एंगलिङचाहिं माओवादीलाई समर्थन गर्ने थियो। यसका कारण यो र यस्तै सामग्रीले माओवादी आन्दोलनलाई सानोठूलो सहयोग गऱ्यो। अभ्क २०५६ पछिका संसदीय अभ्यासका रमिताहरुले माओवादी सशस्त्र युद्धमा बल पुर्यायो।

२०६४ सालमा माओवादी पहिलो शक्ति भएर सिंहदरबार छिर्यो । त्यसपछि पनि माओवादी पटक-पटक सरकारमा छ। तर यस पार्टीका सुप्रिमो प्रचण्डलाई अभ्कै एकपटक प्रधानमन्त्री हुने रहर छ। सरकार र सत्तामा हुँदा नागरिकलाई नसम्भ्कने पार्टीले आज फेरि जनताको जीवनस्तर परिवर्तनको गफ दिएको छ देशमा प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था ल्याएर' संसदले बनाएको प्रधानमन्त्री हटाउन अदालत/न्यायाधीश प्रभावित पार्नु परेको कुरा चोलेन्द्र प्रकरणबाट प्रष्ट छ, यस्तो अवस्थामा कार्यकारीले के के हर्कत गर्ला अनि उसलाई हटाउन अर्को के जात्रा गर्नुपर्ला ?

बाँकी दलहरुको अवस्था त २०५६ मा प्रकाशित सामग्रीले नै प्रष्ट पारेकै छ। नामहरु फरक होलान् तर पार्टीहरु उही चरित्रका छन्। गएको वैशाखमा भएको स्थानीय निर्वाचनको एक प्रसङ्ग । एक जना नेता पहिला पालिका अध्यक्षले गरेको विकासको ज्यादै आलोचना गर्थे।

उनको भनाइ थियो-गाउँका जनतासँग ती विकास जोडिन सकेनन्। राम्रो भवन बनाउनुभन्दा पनि गरिब जनताको आर्थिक स्तर सुधार गर्नु पहिलो प्राथमिकता हुनुपर्छ। जनताको जीविकामा परिवर्तन गर्न नसक्ने भौतिक संरचना निर्माण गर्नुभन्दा गरिब जनतालाई दैनिक रोजीरोटीको सवालमा काम गरिनुपर्छ।

तिनै नेता २०७९ वैशाखको स्थानीय चुनावमा पालिका अध्यक्ष चुनिए। उनले सबैभन्दा पहिला गाउँमा डोजर किन्ने निर्णय गरे। खरिद पनि गरे। सदरमुकाममा हाम्रो भेट हुँदा मैले उनलाई उनको पहिलाका भनाइ सम्भ्केर भनें-गाउँमा अहिले सडकको काम त गरिबहरुले गर्ने थिए नि ! अहिलेको काम भनेको सडकको गुणस्तर सुधार हो। नाली लगाउने, पर्खाल लगाउने, सोलिङ गर्ने र सडकमा खसेको पहिरो हटाउने हो। जसमा मेसिन भन्दा मानिस प्रयोग गर्नु उत्तम हुन्छ। डोजर किनेपछि त गरिबको काम खोसिएन र ? मैले सोधेको प्रश्नको जवाफमा उनले भने- मेरो पालिकामा कुनै गरिब नै छैनन् ! म अचम्ममा परें। एउटा नागरिकका सवालमा निरन्तर पैरवी गरिरहेको नेतृत्व सत्तामा पुगेपछि सबै नागरिक धनी भएको कसरी देख्छ ? कि सत्ता वास्तवमै केही देख्न तथा अनुभव गर्न नसकिने चेतनाशून्य हुन्छ ?

हाम्रोमा मात्रै होला कि अन्य देशहरुमा पनि यस्तै होला । जहाँ दुई दशक पुरानो कुरा आजकै जस्तो छ । परिवेश त फेरियो। दुई दशक पहिले हामीसँग राजतन्त्र थियो। एकात्मक राज्य थियो। हामीले यी व्यवस्था फेरेको पनि १५ वर्ष पूरा भैसके। अहिले हामी गणतन्त्रात्मक व्यवस्थामा छौं । गाउँगाउँमा हामीले सिंहदरबार पुर्यायौं। अभ्कै हामी फेरि अर्को नयाँ शासन व्यवस्था चाहियो भन्ने बहस किन गरिरहेका छौं ! के हामी किलामा बाँधिएका चौपाया जस्तै भैसकेका हौं ! हिंड्न एकक्षण पनि नछाड्ने ! वर्षौंसम्म कतै नपुग्ने !

मंसिर ४ को चुनाव पनि लागिसकेको छ। उम्मेदवार प्रचारप्रसारमा छन्। आवधिक निर्वाचन लोकतन्त्रको एक सुन्दर पक्ष हो। यसमा जनताले नयाँ-नयाँ नेता चुन्छन्। पार्टीहरु चुनावकै कारण आफूलाई जनताप्रति उत्तरदायी देखाउन प्रयास गरिरहन्छन्। गरिरहेका छन्।

हाम्रो देशको परिवर्तनको इतिहास हेर्दा हाम्रो नेतृत्व सहजै सच्चिएला जस्तै देखिन्न। यसका लागि मतदाता सच्चिनुपर्ने अवस्था आएको छ । मतदाताले पार्टी, विचार, आफन्त, नजिक, पराइलगायतका पक्षमा अल्मलिएर सही तथा इमानदार नेतृत्व नछान्दा आजको अवस्था आइपरेको हो । नेतृत्वलाई मतदाताले आनो विवेक प्रयोग गर्छन् । आफ्नो मन परेको कार्यकर्ताभन्दा जनतामा लोकप्रिय कार्यकर्तालाई टिकट दिनुपर्छ भन्ने विश्वास लाग्छ। यसले नै हाम्रो लोकतन्त्र बलियो हुन्छ ।

*(बाँकी पृष्ठ-३ मा....)*

# चौथो प्रयासमा चुनाव जितिछाड्ने डीना उपाध्यायको अठोट

हेटौंडा, ३० कात्तिक/ 'मनी र मसल्स' को बलमा लडिने प्रत्यक्ष निर्वाचन प्रणालीबाट महिला लगायत सीमान्तकृत समुदायका उम्मेदवार संसदमा पुग्न नसक्ने हुनाले निश्चित सिट आरक्षित गरिनुपर्छ भन्दै नेपालमा समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गरियो। निगाह नभई अधिकारको रुपमा व्यवस्था गरिएको यो प्रावधानले देखिनेगरी परिणाम पनि दियो।

पहिलो संविधान सभा निर्वाचनबाट नीति निर्माण कोर्ने ठाउँमा पुगेका १९७ जना महिला सभासदहरुले आफ्नो मुद्दाको पैरवी गर्ने अवसर प्राप्त गरे। ती सभासदहरुको भीडमा त्यसअघि दुईचोटि संसदीय निर्वाचनमा पराजित भइसकेकी नेपाली कांग्रेसकी नेता महालक्ष्मी 'डीना' उपाध्याय पनि संविधान सभा हलभित्र छिर्न पाइन्।

राजनीतिक विरासतमा हुर्किएकी सक्षम महिला नेता त्यहाँ पुग्नुको सार्थकता पनि देखियो- डीना लगायत विभिन्न दलबाट त्यहाँ पुगेका महिला सभासदहरुले 'ककस' बनाई महिला मुद्दामाथिको जोडतोडका साथ पैरवी गरे। जसबाट परम्परागत चिन्तनका स्तम्भहरु त्राहीमाम भए । त्यसले राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा चर्चा बटुल्यो।

यदि समानुपातिक निर्वाचन प्रणाली नभइदिएको भए पहिलो संविधान सभाको हलभित्र जम्मा ३० जना मात्र महिला सभासद हुने थिए। किनकि माओवादीको दस वर्षे सशस्त्र संघर्ष र ०६२-६३ को जनआन्दोलनको राप र तापबाट निर्मित पहिलो संविधान सभामा समेत प्रत्यक्षबाट जम्मा ३० जना महिला मात्र निर्वाचित हुनसकेका थिए। यो खुसी धेरै लामो समय टिकाउन दिइएन। ६ वर्षपछि भएको दोस्रो संविधान सभा निर्वाचनमा प्रत्यक्षबाट जित्ने महिला सांसदको संख्या १० जनामा झर्यो । ०७४ सालको निर्वाचनसम्म आइपुग्दा त त्यो संख्या झन् घटेर ६ जनामा सीमित भयो।

पहिलो त सदा झैँ महिला उम्मेदवारहरु नै कम संख्यामा उठाइए, उठेकालाई पनि मत नै दिइएन । महिला अधिकारको पैरवी गरी संसद् तताउने डीनासमेत यो राजनीतिको सिकार भइन् र प्रत्यक्षबाट उम्मेदवारी दिएकी उनी तेस्रोचोटि चुनाव हारिन् ।

**संघर्षको निरन्तरता**

महिलाका निम्ति यस्तो प्रतिकूलता तिनलाई संसद् छिर्न नदिइने कृत्यमा मात्र सीमित थिएन, तिनले आफू संगठित राजनीतिक दलभित्र पनि त्यस्तै अप्ठेराहरु ब्योहोरिरहेका थिए । तिनलाई नेतृत्वमा उक्लिन नदिन अनेकन तिकडम गरिँदै थियो। अन्य दलका महिला नेताले झैँ डीना पनि यो अप्ठेरोसँग जुधिरहेकी थिइन् ।

कांग्रेसको १३औँ अधिवेशनमा महिला कोटाबाट केन्द्रीय सदस्यमा जान पाउँदापाउँदै पनि डीनाले त्यस्तो आरक्षित कोटाबाट 'अर्को महिलालाई पठाउन सकिन्छ' भन्दै आफू खुलातर्फबाट निर्वाचनमा भिडिन्। डीनाजत्तिको हक्की महिला केन्द्रमा आए त्यतिबेला शक्तिशाली ठानिएको सह-महामन्त्री पद ओगट्ने डरका कारण सहयोगी ठानिएका एनपी साउद, चन्द्र भण्डारी र डिला संग्रौलाहरु नै उनको हारका कारण बन्न पुगे।

०३६ सालदेखि विद्यार्थी राजनीतिमा संलग्न, ०४३ सालमा पद्मकन्या क्याम्पसको स्ववियू सभापति र ०४७ सालमा नेपाल महिला संघ मकवानपुरको नेतृत्व हाँकिसकेकी डीना कांग्रेसले गरेको ०४२ सालको सत्याग्रहमा शैलजा आचार्यसँग जेल समेत परिसकेकी नेता हुन् । ०४९ सालमा कांग्रेस महासमिति सदस्यमा निर्वाचित, १५ वर्षभन्दा बढी केन्द्रीय सदस्य र १४औँ महाधिवेशनबाट सह-महामन्त्रीमा निर्वाचित उनीजत्तिको नेताले समेत भोगिरहेको यस्तो राजनीतिक तिकडम नेपाली राजनीतिले बोल्ने कुरुप चित्रण हो। डीना त्यो कुरुप चित्र सच्याउन निरन्तर संघर्ष गरिरहेकी छन् ।



यसपालिको निर्वाचनमा अधिकाधिक महिला उम्मेदवार उठाउन कांग्रेसी नेतृत्वलाई दबाब दिएकी डीना स्वंयलाई समानुपातिक सूचीमा राख्न खोजिएको थियो। तर उनले त्यो सिट अर्को महिलालाई दिइनुपर्ने भन्दै चौथो चोटि प्रत्यक्ष निर्वाचनमा भिड्न आफ्नो गृहजिल्ला मकवानपुर झरिन् । पार्टीभित्र उनले दिएको दबाबका बाबजुद कांग्रेसले यसपालि जम्मा ५ जना महिलालाई मात्र प्रत्यक्षतर्फको उम्मेदवार बनाएको छ ।

यसपालिको निर्वाचनमा अधिकाधिक महिला उम्मेदवार उठाउन कांग्रेसी नेतृत्वलाई दबाब दिएकी डीना स्वंयलाई समानुपातिक सूचीमा राख्न खोजिएको थियो। तर उनले त्यो सिट अर्को महिलालाई दिइनुपर्ने भन्दै चौथो चोटि प्रत्यक्ष निर्वाचनमा भिड्न आफ्नो गृहजिल्ला मकवानपुर झरिन् । पार्टीभित्र उनले दिएको दबाबका बाबजुद कांग्रेसले यसपालि जम्मा ५ जना महिलालाई मात्र प्रत्यक्षतर्फको उम्मेदवार बनाएको छ ।

डीनामा यो तहको जुझारुपन उनले विरासतमै लिएर आएकी हुन्। डीनाका हजुरबुबा स्वतन्त्रता सेनानी उदयनाथ अधिकारी कांग्रेसले २०१८ सालमा हतियार दरा 'चितवन कब्जा' गर्दा नेतृत्वदायी भूमिकामा थिए। त्यतिखेर पक्राउ परेका अधिकारीले नेता कृष्णप्रसाद भट्टराईसँग करिब १५ वर्ष जेल सजाय भोगेको डीना सुनाउँछिन् ।

उनी भन्छिन्, 'हजर बुबाको विरासत मेरो मुमामा सर्यो। वहाँले पार्टीको लागि धेरै योगदान दिनुभयो। त्यो देखेर हुर्किएको मैले पनि सानै उमेरदेखि राजनीतिको बाटो समाएँ ।'

**जित्नेमा ढुक्क**

२०६४ सालमा जलस्रोत राज्यमन्त्री बनेकी डीना मकवानपुर क्षेत्र नम्बर १ बाट संसदमा पुगी पुन: सीमान्तका आवाज बुलन्द पार्न चुनावी मैदानमा उत्रिएको बताउँछिन्। बिहान ६ बजे घर नजिकैको गठबन्धन दलको चुनावी प्रचार कार्यालयमा पुगिसक्ने डीना राति १० बजेसम्म घरदैलो चहारि रहेकी छन्। घरदैलो सकेर अबेर राति फर्किएकी यी नेताको व्यस्त तालिकाबाट हामीले राति ११ बजेको समय पाएका थियौँ। हामी उनको निवासस्थानमा पुग्दा दिनभरिको दौडधुपले निकै थकित देखिएकी उनको बोलीमा चाहिँ सदाझैँ उर्जा कायम थियो।

यसपालि आफ्नो जितप्रति निकै ढुक्क देखिएकी डीनाका चुनावी आकलन धेरैहदसम्म यथार्थपरक नै देखिन्छ । २००९ सालमा भक्तबहादुर श्रेष्ठको नेतृत्वमा दुई वर्षसम्म भूमिका निम्ति राज्यसँग किसानहरुले लडे, जसलाई 'चिसापानी काण्ड' भन्ने गरिन्छ । सोही स्थानमा पुगी कुराकानी गर्दा त्यहाँ गठबन्धन दलको अवस्था बलियो देखियो।

सहरमा पनि गठबन्धनको पक्षमा राम्रै माहौल देखिन्थ्यो। गएको स्थानीय निर्वाचनमा कांग्रेसले यो निर्वाचन क्षेत्रबाट ३४ हजार ४० मत ल्याई दोस्रो स्थान सुरक्षित गरेकोले पनि डीना हौसिएकी हुन्। किनभने गठबन्धनमा रहेका दुई दल नेकपा माओवादी र एकीकृत समाजवादीको क्रमश: १६ हजार ५६९ र ३२८३ मत पनि डीनाको पक्षमा जोडिन आइपुगेको छ। स्थानीय निर्वाचनको यही मतअनुपात कायम रहेमा ३७ हजार ९५१ मत ल्याई पहिलो स्थानमा रहेको एमालेलाई जित्न सकिने डीनाको सचिवालयले विश्लेषण गरेको छ।

यसपालि क्षेत्रीय अस्पताल र हेटौँडालाई प्रदेश राजधानी बनाउन नेतृत्व लिएका भनी जस पाएका यस क्षेत्रका प्रभावशाली नेता राप्रपा नेपालका कमल थापा र हेटौँडा बजार क्षेत्रमा प्रभाव रहेको ठानिने राप्रपाबाट उठेका दीपक सिंह उनका प्रतिस्पर्धी हुन्। तर एमालेको सहयोगमा सूर्य चिन्ह लिई उठेका थापा राप्रपा छाडेपछि कमजोर भएकोले आफ्नो जित सुनिश्चित रहेको डीना बताउँछिन्।

उनी भन्छिन्, 'म ३० वर्षदेखि सहकारी आन्दोलनमा आवद्ध छु। त्यहाँबाट मेरो ५ हजार व्यक्तिगत मत प्याक्ड छ । नगर भित्रै कांग्रेसको मात्र २५ हजार मत छ । गठबन्धनसहितको जोड्दा ५३ हजार भन्दा माथि छ । ०७४ मा वाम गठबन्धन भएकोले एमालेले जितेको हो । यो चोटि वाम गठबन्धनमा रहेको माओवादी हामीतिर छ । राप्रपाले पाएको ८ हजार मत अहिले दुईतिर बाँडिएकोछ, त्यसैले मेरो जित सुनिश्चित छ ।'

प्रत्यक्षबाट लडिएको संसदीय निर्वाचन डीनाले कहिल्यै जितिनन् तर भूमिकाको हिसाबले उनी कहिल्यै हारिनन्। यसपालि कांग्रेसबाट टिकट पाएका ५ जना महिला उम्मेदवारमध्ये डीना र सीता गुरुङको अवस्था राम्रो ठानिएको छ। यहाँका मतदाताले लगातार हराइर हँदा पनि हार नमानेर चौथो पटक पनि मैदानमा भिड्न आइपुगेकी डीनालाई देखेर यहाँका मतदाता पनि आश्चर्यमा छन् ।

डीना भन्छिन्, 'सीमान्तका हकका निम्ति लड्दै आइरहेको मेरो जितबाट वर्चश्वशालीहरु डराइरहेकोले मलाई हराउन अनेकन तिकडम भए, तर यसपालि मतदाताले मलाई जिताएर संसद छिराउँछन्।'

*(स्रोत: नेपालखबर)*

# को सुने ? नेता...

नेपालीको केही समान विशेषता छन् । जुनसुकै समय नै चिया खाने र देश किन बनेन भनेर लामा राजनीतिक गफ गर्ने। तर परिआउँदा उचित निर्णय गर्न नसक्ने। अनि लामो समय गन्गन् गरेर बसिरहने।

समयमा सही तथा उचित निर्णय गर्न नसक्दा हाम्रो जीवनमा भित्ताका क्यालेण्डर वर्षैनि फेरिनेबाहेक अरु त्यस्तो खास परिवर्तन भएको छैन। वर्षौं अघिदेखिको उत्पादकत्वमा सुधार आएको छैन । हिजो मुग्लान जाने मानिस आज मलेसिया पुगेको छ ।

अलिक जान्ने टाठोबाठो युरोप अमेरिकातिर दौडिएको छ। गाउँहरु दिनानुदिन मानिसविहीन बन्दै गइरहेका छन् । धनी र गरिब बीचको खाडल झनझन् बढ्दो छ । अबको २० वर्षपछि पनि हामी यस्तै अवस्थामा रहने कि फेरिने। यसको जवाफ आजै खोजी गर्नुपरेको छ ।

एक वर्षअघि एउटा राष्ट्रियस्तरको पेशागत संस्थाको चुनाव भयो। त्यो पनि अलिक बौद्धिकहरु नै सदस्य हुने संस्थामा। त्यो सामाजिक संस्थाको चुनावमा अहिलेको चुनावजस्तै पार्टी पार्टीको चुनाव भो। त्यसमा त्यो क्षेत्रका सबैभन्दा विवादास्पद अझ प्रष्ट शब्दमा भन्दा भ्रष्ट उम्मेदवारले भारी मतले चुनाव जिते।

ती जिताउने एकजना पनि मतदाता अहिले पनि उक्त निर्णय किन सही थियो भनेर भन्न सक्दैनन् । तैपनि उनीहरूले मत दिए पार्टीका नाममा, कसैलाई देखाइदिने नाममा । त्यस चुनावमा हारेकालाई किन मत दिनु नपर्ने भन्ने जवाफ नदिनेहरुसँग थिएन। जसले भारी मतका साथ जिते उनलाई किन जिताउने भनेर कोही पनि दुई वटा तर्क दिन सक्ने हालतमा थिएनन्। अहिले पनि छैनन्।

हारेका उम्मेदवार गलत भन्नेमा जिताउनेहरु पनि थिएनन्। आज पनि छैनन् । आज पनि उनीहरुको एकमात्रै जवाफ भनेको राष्ट्रिय राजनीति भन्ने मात्रै छ । राष्ट्रिय राजनीतिका नाममा इमानदारहरुलाई नछान्ने अनि गलत मानिसले शासन गर्यो भन्ने कुरा त गनगन् मात्रै न हो।

अब पनि केपीको, शेर बहादुर र पुष्पकमलहरूको मुहार हेर्दै इमानदार पाखा लगाउने र बेइमान काखमा राख्ने हो भने लेखेर राखेहुन्छ, वि.सं. २१०२ मा पनि २०५६ कै कुरा सान्दर्भिक हुनेछ। केही पात्रहरू फेर्नुपर्ला !

अहिले पनि आफ्नो ठाउँमा उठेका भ्रष्ट तथा विवादित पात्रहरुलाई मत दिनु भनेको बाँकी जीवन गनगनमा बिताउनु मात्रै हो। कम्तीमा सही मानिसलाई मत दिंदा भने अरु केही नभए पनि मनमा शान्ति भने हुन्छ।

अन्तमा, लोकतन्त्र उन्नत व्यवस्था हुनुका पछाडि यसमा नागरिकले आफूले मत दिएर आफ्नो शासक चुन्छ। यसैले नागरिकलाई सबैभन्दा बलियो शक्ति मानिन्छ । तर नागरिकले आफ्नो विवेक प्रयोग नगर्ने हो भने हामी अबको ५० वर्ष पछाडि पनि यही अवस्थामा रहिरहनुपर्छ ।

एक जनाले सामाजिक सञ्जालमा लेखेको कुरा मननीय छ- 'देश बदल्न नेता होइन, म बदलिनु पर्छ । इमानदार मतदाता बनौं, देशको मुहार फेरौं ।'

*(साभार)*


## हार्दिक समवेदना



**जन्म:** २००२ श्रावण २२

**स्वर्गारोहण:** २०७९ कात्तिक २०

स्व. देवीप्रसाद सुवेदी

यस बालजागृति इङ्लीश सेकेण्डरी स्कूल हेटौंडा-२ को शेयर सदस्य बच्चुराम सुवेदीका पुजनीय पिता **स्व. देवीप्रसाद सुवेदी**को १३ औं दिनको पुण्यतिथि पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**दिनेश प्रसाद भण्डारी** (अध्यक्ष) विद्यालय सञ्चालक समिति

**विनोद सुवेदी** (प्रिन्सिपल)

**रामकृष्ण तिमल्सिना** (अध्यक्ष) विद्यालय व्यवस्थापन समिति

एवम्

**बालजागृति इङ्लीश सेकेण्डरी स्कूल, परिवार**

### HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

### थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पतालमा** बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्धारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्धारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्धारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्धारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६




CG motocorp

**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती, फोन: ९८०२९००३१६, ९८०२६३१६६४

### के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

### आफ्नै उद्योगबाट उत्पादित दुग्ध तथा दुग्धजन्य पदार्थ अर्डर बमोजिम उपलब्ध गराइन्छ ।

**गायत्री डेरी इन्डष्ट्रिज प्रा.लि.**

हेटौंडा, मकवानपुर



०५७-५२०४८३, ०५७-५२१९१८, ९८४१५२७००६, ९८४५१०३६१४

साझाकुरा

### "तपाईं हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेवसाइडमा: ***www.sajhakuranews.com***
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

अन्तर्वार्ता

# मतदातामा म प्रति विश्वास छ, दोस्रो पटक बिजयी हुनेमा ढुक्क छु : बानियाँ

**नेपाली कांग्रेस बागमती प्रदेश सभापति ईन्द्र बहादुर बानियाँ अहिले मकवानपुर क्षेत्र नम्बर २ (ख) बाट उम्मेदवार छन् । गृह राज्यमन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री र बागमती प्रदेश संसदीय दलको नेता भइसकेका बानियाँ चुनावी रणनीतिका लागि माहिर मानिन्छन् । उम्मेदवारी र विकास योजनाको बारेमा बानियाँसँग गरिएको कुराकानी:**

***निर्वाचनप्रति तपाईको निर्वाचन क्षेत्रका मतदाताहरुको धारणा कस्तो पाउनु भयो ?***

➲ निर्वाचनप्रति मतदाताहरु एकदमै उत्साहित हुनुहुन्छ । आफ्नो अधिकार प्रयोगबारे भुगोलको हिसाबले विकट भए पनि मतदाताहरु सचेत भएको पाएँ । मंसिर ४ गते हुन लागेको प्रदेश र प्रतिनिधिसभा निर्वाचन र उम्मेदवारहरुबारे उहाँहरुले आफ्नो क्षेत्रमा छलफल गरिरहेको पाएँ । सञ्चार माध्यम र सामाजिक सञ्जालबाट उहाँहरु यसबारे अपडेट रहेको पाएँ । चुनावी घरदैलोमा आएका उम्मेदवारहरुबारे पनि उहाँहरुले धारणा बनाएको पाएँ । शहरी क्षेत्रमा मात्रै हैन ग्रामिण भेगसम्म पनि निर्वाचनबारे मतदाताहरुमा चेतना बृद्धि भएको पाएको छु । यो सचेतना अभिबृद्धिमा सूचना प्रविधिको ठूलो भूमिका रहेको पाएँ । निर्वाचनलाई लिएर उहाँहरुमा सकारात्मक प्रतिक्रिया पाएको छु ।

***तपाईप्रति मतदाताको कस्तो प्रतिक्रिया पाउनु भएको छ ?***

➲ मकवानपुरको अधिकांश विकट भेग मेरो निर्वाचन क्षेत्रमा पर्दछ । मनहरी, राक्सिराङ र कैलाश गाउँपालिकाका साथै र हेटौंडाको वडा नम्बर ३ र १९ मकवानपुर क्षेत्र नम्बर २ (ख) मा पर्दछन् । मनहरी र हेटौंडाको केही भाग बाहेक अधिकांश भाग भौगोलिक हिसाबले विकट छ । यसअघि पनि म आफ्नो निर्वाचन क्षेत्रको गाउँ टोलमा पुग्ने गरेको छु र सद्भाव नै पाउने गरेको छु । अहिले पनि चुनाव लक्षित अभियान लिएर जनतामाझ पुग्दा जनताको माया र सद्भाव नै पाएको छु । म प्रति जनताको आशा, भरोसा र विश्वास जोडिएको पाएँ । हाम्रो दुःखसुखमा हेर्ने मान्छे ईन्द्रबहादुर बानियाँ हो भन्ने आत्मविश्वास त्यस भेगका युवादेखि ज्येष्ठ नागरिकसम्ममा पाएको छु । स्थानीयस्तरमा आफैं पनि सर्वसाधारणले मेरो पक्षमा मत मागिरहनु भएको पाएँ । मतदाताको यही हौसला र प्रेरणाका साथ चुनावी प्रचारप्रसारको अभियानलाई उत्साहपूर्ण ढंगबाट सम्पन्न गरिएको छ । अब यही उत्साहका साथ मतदाताहरु मतदानको प्रक्रियामा सबै सहभागी हुनु हुनेछ । विकास लिएर निरन्तर पुग्ने र व्यक्तिगत समस्या समाधानमा पनि म तल्लिन रहन्छु भन्ने उहाँहरुमा आत्मविश्वास पाएँ, उहाँहरुको आत्मविश्वास नै मेरो अमूल्य सम्पत्ति हो, म उहाँप्रति कृतज्ञ छु ।

**उम्मेदवारहरु चुनावमा देखिने र जितेपछि हराउने गुनासो मतदाताको छ नि ?**

➲ म सधैं उहाँहरु माझ नै रहेको र निरन्तर निर्वाचन क्षेत्रमा विकास र सहयोग लिएर पुग्ने गरेकाले मैले यस्तो गुनासो खेप्नु परेको छैन । यसअघि मलाई माया गरेर विजयी गराएपछि नेपाली कांग्रेस लामो समय संघदेखि प्रदेशसम्म प्रतिपक्षमा रहेको थियो । त्यस्तो अवस्थामा पनि मैले आफ्नो क्षमताले भ्याएसम्म विकास र सहयोग गरेको बारे त्यस क्षेत्रका मतदाता जानकार हुनुहुन्छ । स्थानीयस्तरमा पनि पार्टीको संरचना सधैं जनतासँग जोडिएको छ । कोरोना महामारीमा त्यस भेगका विपन्न वर्गलाई खाद्यान्न वितरण गरेको उहाँहरुलाई जानकारी छ । जाडोमा विपन्न चेपाङ, तामाङ समुदाय र विद्यार्थीलाई न्यानो कपडा लिएर पुगेको छु । सरकारमा नहुँदा व्यक्तिगत ढंगले सडक, खानेपानी लगायतका पूर्वाधारको काम गरिरहेको छु भने पछिल्लो पटक गठबन्धनको सरकार हुँदा करिब ४ बर्ष अघिल्लो सरकारले गर्न नसकेको विकास योजना एक बर्षमा त्यस क्षेत्रमा पुऱ्याएको छु । त्यसैले पनि मैले मतदाता र शुभेच्छुकबाट ताली नै पाएको छु । त्यो मंसिर ४ गते हुने मतदानको परिणामबाट पनि प्रष्ट हुन्छ ।



**ईन्द्रबहादुर बानियाँ**

**लोकतान्त्रिक-बाम गठबन्धनका साझा उम्मेदवार**
**मकवानपुर प्रतिनिधिसभा क्षेत्र नं. २, प्रदेशसभा (ख)**

**स्थानीय मुद्धाभन्दा पनि उम्मेदवारहरुले राष्ट्रिय विषयलाई भाषणमा बढी प्राथमिकता दिएको पाइयो, तपाईका स्थानीय मुद्धा के छन् ?**

➲ चुनावी अभियानका क्रममा हाम्रो मूल उद्धेश्य नै स्थानीय समस्या र त्यसको समाधानको बारेमा मतदाताहरु माझ हाम्रो प्रतिवद्धता अवगत गराउने हो । चुनावी सभामा देशको परिस्थितिबारे पनि मतदातालाई केही विषयमा अवगत गराउनुपर्ने हुन्छ । तर मूख्य ध्यान स्थानीय मुद्धामा हाम्रो धारणा राख्ने नै रहेको छ । विकट क्षेत्रको जीवनस्तर सुधारका लागि विकासका पूर्वाधारहरु सडक, खानेपानी, शैक्षिक संरचनासहित आयआर्जनमार्फत आयस्तर बृद्धिका मुद्धा नै हाम्रा मुल मुद्धा हुन् । त्यसैले हामीले यसबारे मतदातालाई हाम्रो एजेण्डा बताएका छौं । बाह्रै महिना यातायात संचालन हुने सडक, शिक्षामा गुणस्तरीय पूर्वाधार र जनशक्तिको व्यवस्था, स्वास्थ्यमा सहज पहुँच, विपन्न परिवारको निःशुल्क विमा, स्थानीय स्तरमै रोजगारी र स्वरोजगार हुने अवसर लगायतका विषयमा हामीले त्यस क्षेत्रका मतदातामाझ प्रतिबद्धता जनाएका छौं ।

**गाँजा खेती बैधानिकताको विषयमा यहाँहरुले धारणा राख्नु भएको पाईयो, यो चुनावी अघि मात्रै हो कि काम पनि गर्नुहुन्छ ?**

➲ मकवानपुरको पश्चिमी भेगमा पनि गाँजा खती हुन्छ भन्नेमा सबै जानकार छौं । राज्यले यसलाई गैर कानूनी कार्य मानेको छ । तर विश्व स्वास्थ्य संगठनले यसलाई औषधीजन्य वनस्पतिको रुपमा लिईसकेको अवस्थामा अझै पनि यसलाई कानूनी रुपमै अवैध मान्नु भन्दा यसलाई कानूनी ढंगबाट खेती गर्ने व्यवस्था गर्नुपर्छ भन्ने हाम्रो धारणा हो । यसका लागि कानून निर्माण गर्न हामी लाग्नेछौं । जीविकोपार्जनका लागि गाँजा ओसार पसार गर्दा त्यस भेगका धेरै नागरिक कारागारमा पुगेका छन् । त्यस क्षेत्रमा भुगोलमा अन्य खेती समेत राम्रो नहुँदा जीविकोपार्जन गर्नका लागि गाँजा खेति गर्ने किसान र ओसारपसारमा संलग्न सोझा नागरिक जेल पुग्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्छ भन्ने हाम्रो धारणा छ । कानूनी ढंगबाटै यसको निरुपणका लागि हाम्रो पहल हुन्छ । तर गाँजालाई बैधानिक गर्ने भन्दैमा किराना पसल, पान पसल, तरकारी पसलमा पाइने अन्य सामग्री झैं गाँजाको बिक्री वितरण सहज भने हुँदैन । यसलाई राज्यको निगरानीमा व्यवस्थित खेती गर्दै औषधीजन्य प्रयोजनका लागि स्वदेशमा प्रशोधन गरी विदेश निर्यात गरेर वैदेशिक मुद्रा आर्जन गर्नुपर्छ भन्ने हाम्रो धारणा हो । गाँजा खेती मात्रै हैन यस क्षेत्रमा अन्य नगदेबालीमा हाम्रो निरन्तर जोड रहनेछ र यसको राज्यबाट नीतिगत सहयोग जुटाईनेछ ।

**दोस्रो पटक त्यस क्षेत्रका मतदाताले तपाईलाई मतदान गर्नुपर्ने कारण के छ ?**

➲ म समाजसेवाको उद्धेश्यले राजनीतिमा आएको हुँ । जीवनयापनका लागि मेरो पेशा व्यवसाय छ, म राजनीतिलाई पेशा बनाउने कुराको विरोधी हुँ । म सधैं जनताको व्यक्तिगत सुखदुःख, सामाजिक हित र भूगोलको विकासमा जोडिएको छु । मैले आफ्नो निर्वाचन क्षेत्रको सडक, पूर्वाधार, शिक्षा, स्वास्थ्य, रोजगारीका लागि राज्यस्तरमा पहल गरेर धेरै काम गरेको छु । राज्यस्तरबाट हुन नसकेका कतिपय काम आफ्नो व्यक्तिगत सहयोगबाटै पुरा गरिरहेको छु । यसबारे मेरो निर्वाचन क्षेत्रका मतदातालाई अवगत छ । म विकास र जनताको जीवनस्तर सुधारका लागि बागमती प्रदेशका सबै जिल्लामा पुगेर समस्या समाधानमा जुटेको छु । जनताको व्यक्तिगत समस्यादेखि विकासका काममा समेत प्रत्यक्ष जोडिएर काम गरिरहेकोले पनि मेरा मतदाता मलाई मतदान गर्न आतुर हुनुहुन्छ । म पुनः अर्को कार्यकाल आफ्ना मतदाताको सेवाका लागि दृढ संकल्पित भएर अघि बढेको छु, उहाँहरुको मतबाट बिजयी हुनेमा ढुक्क छु ।

**यहाँलाई आगामी मूख्यमन्त्रीको रुपमा हेरिएको छ नि ?**

➲ मलाई मकवानपुरे मतदाताले २०७० सालमा निर्वाचित गरेपछि त्यसअघि झैं निरन्तर जनताको सेवामा छु । उहाँहरुको मतको सम्मान गर्दै पार्टीले गृह राज्यमन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्रीको रुपमा दिएको जिम्मेवारी र पार्टीका सांसदहरुको विश्वासका साथ बागमती प्रदेश संसदीय दलको नेताको जिम्मेवारी कुशलतापूर्वक सम्हालिसकेको छु । बागमती प्रदेशको प्रमुख प्रतिपक्ष दलको नेताको जिम्मेवारीलाई संसदीय मर्यादाभित्र रहेर सशक्त ढंगले पुरा गरेको छु । पछिल्लो पटक गठबन्धन दलको प्रदेश सरकार निर्माण भएपछि सत्ता साझेदार नेपाली कांग्रेस संसदीय दलको नेताको रुपमा सरकारमार्फत जनताको विकासको भोक मेट्न काम गरेको छु । व्यक्तिगत रुपमै जनताको शिक्षा, स्वास्थ्य, रोजगार, पूर्वाधार विकास लगायतका क्षेत्रमा काम गरेको जस्ता कारणले पनि मतदातामा मप्रति विश्वास र भरोसा छ । म पार्टीको इमान्दार कार्यकर्ता नभएका कारण पार्टीले दिएको जिम्मेवारीलाई कुशलतापूर्वक सम्पन्न गर्न प्रतिवद्ध हुनेछु । अहिले मेरो ध्यान बागमती प्रदेशभर गठबन्धनका उम्मेदवार विजयी गराउनेमा केन्द्रित छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना